केन्द्रीय कार्यालय
बालूवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**पत्र संख्याः** बैं.वि.नि.वि./नीति/परिपत्र/ ७ /०६३/६४ **मितिः** २०६३।५।५

**श्री सबै बाणिज्य बैंक तथा वित्तीय संस्थाहरु ( 'क', 'ख', 'ग' र 'घ' वर्ग )**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त वित्तीय कारोवार गर्ने 'क', 'ख', 'ग' र 'घ' वर्गका संस्थाहरुको साइनबोर्ड तथा लेटरप्याड हेर्दा स्पष्टरुपमा कुन वर्गको वित्तीय संस्था हो भनी छुट्याउन कठिन भई सर्वसाधारण जनतामा समेत सो को सम्बन्धमा भ्रम पर्न सक्ने देखिएको हुँदा यस बैंकबाट इजाजतपत्र प्राप्त 'क', 'ख', 'ग' र 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो साइनबोर्ड तथा लेटरप्याडमा संस्थाको नामको ठीक तल अनिवार्यरुपमा कोष्ठमा देहाय बमोजिमको वाक्यांश उल्लेख गर्नु/गराउनु हुन अनुरोध गर्दछु ।

| इजाजतपत्रप्राप्त संस्था | उल्लेख गर्नु पर्ने वाक्यांश |
|---|---|
| इजाजतप्राप्त 'क' वर्गका संस्थाहरुले | नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था |
| इजाजतप्राप्त 'ख' वर्गका संस्थाहरुले | नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था |
| इजाजतप्राप्त 'ग' वर्गका संस्थाहरुले | नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था |
| इजाजतप्राप्त 'घ' वर्गका संस्थाहरुले | नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था |

भवदीय,

(भिष्मराज ढुङ्गाना )
निर्देशक

बोधार्थः
नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
नेपाल बैकर्श संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार विजनेस कम्प्लेक्स, काठमाण्डौ ।
श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, ववरमहल, काठमाण्डौ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**पत्र संख्याः** बैं.वि.नि.वि./नीति/परिपत्र/ ६/०६३/६४ **मितिः** २०६३।५।५

**सवै इजाजतपत्र प्राप्त वाणिज्य वैंकहरु**

।

महाशय

यस बैंकवाट मिति २०६३ साल श्रावण ७ गते जारी गरिएको आर्थिक वर्ष २०६३।६४ को मौद्रिक नीतिको बुंदा नं. ९९ को (ख) मा वाणिज्य बैंकहरुले पूँजी बृद्धि गर्ने प्रयोजनको लागि २०६६ आषाढ मसान्त भित्र "...... ...... पूँजी समायोजन कोष समेत समावेश गरि चुक्ता पूँजी रु. १ अर्व पुऱ्याउने बैंकहरुको हकमा चुक्ता पूँजी भने न्यूनतम रु. ५० करोड पुगेको हुनुपर्ने ।" भन्ने व्यवस्था उल्लेख भएकोमा सो को सट्टामा देहाय बमोजिमको व्यवस्था कायम हुनेगरि संशोधन गरिएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु ।

"उपरोक्त बमोजिम पूँजी समायोजन कोष समेत समावेश गरि चुक्ता पूँजी रु. १ अर्व पुऱ्याउने बैंकहरुको हकमा न्यूनतम चुक्ता पूँजी भने रु. ८० करोड पुगेको हुनुपर्ने ।"

भवदीय,

(भिष्मराज ढुङ्गाना )
निर्देशक

बोधार्थः

नेपाल राष्ट्र वैंक, बैंक सुपरिवेक्षण विभाग ।

नेपाल राष्ट्र वैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।

नेपाल राष्ट्र वैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।

नेपाल राष्ट्र वैंक, कानून महाशाखा ।

नेपाल राष्ट्र वैंक, जिल्ला स्थित कार्यालयहरु ।

श्री नेपाल बैकर्श संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**पत्र संख्याः** बै.वि.नि.वि. /नीति/परिपत्र/ ५ /०६३/६४ **मितिः** २०६३।५।५

सवै इजाजतपत्र प्राप्त वैंक तथा वित्तीय संस्थाहरु
(सीमित बैंकिङ्ग कारोवार गर्न इजाजत पत्र प्राप्त सहकारी संस्थाहरु समेत) ।

।

महाशय

यस बैंकवाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशनको इ.प्रा. निर्देशन नं १२।०६१।६२ को दफा १० को उपदफा (१) को खण्ड (झ) पछि देहाय वमोजिमको थप व्यवस्था कायम गरिएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु ।

"कुनै व्यक्ति फर्म, कम्पनी वा सगठित संस्थाले आफ्नो खातामा पर्याप्त मौज्दात नभएको अवस्थामा वा मौज्दात पर्याप्त भएतापनि विभिन्न आधारमा भुक्तानी नहुने अवस्थाको चेक जारी गरेमा उपदफा (१) मा जुनसुकै कुरा लेखिएको तथा त्यस्तो चेक जतिसुकै रकमको भएतापनि देहाय वमोजम हुनेछ :-

(१) एकपटक भुक्तानी नभईकन फिर्ता भएको चेकको हकमा भुक्तानी पाउनुपर्ने व्यक्तिले चेक जारी गर्ने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई भुक्तानीको लागि वढीमा सात दिनको समय दिई सम्वन्धित बैंक वा वित्तीय संस्थामा पुनः चेक पेश गर्न सक्नेछ ।

(२) सो म्याद पश्चात् पनि रकम भुक्तानी नभएको खण्डमा रकम भुक्तानी पाउनुपर्ने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले चेकको रकम भुक्तानी गर्नुपर्ने बैंक वा वित्तीय संस्थामा लिखित रुपमा जानकारी दिन सक्नेछ ।

(३) खण्ड (२) बमोजिम लिखित जानकारी प्राप्त भएपछि सम्वन्धित बैंक वा वित्तीय संस्थाले चेक जारी गर्ने त्यस्ता व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई चेकको रकम भुक्तानी गर्न बढीमा सात दिनको सूचना दिनेछ र सो मितिभित्र पनि रकम भुक्तानी हुन नसकेमा त्यस्तो चेक खिच्ने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई सम्वन्धित बैंक वा वित्तीय संस्थाले अनिवार्य रुपमा कालोसूचीमा सूचीकृत गर्नु पर्नेछ ।

(४) कुनै व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले बैंक तथा वित्तीय संस्थालाई त्यस्तो भुक्तानी नहुने चेक दिएमा समेत यस खण्ड बमोजिम कालोसूचीमा राख्नु पर्नेछ ।

क्रमशः

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(५) यस खण्ड बमोजिम कालोसूचीमा रहेका व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले त्यस्तो सूचीबाट फुकुवा नभएसम्म आफ्नो खातामा रकम जम्मा गर्ने बाहेक अन्य कुनैपनि किसिमको बैंकिङ्ग कारोवार गर्न पाउने छैन ।"

भवदीय,

(भिष्मराज ढुङ्गाना )
निर्देशक

बोधार्थः

नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।

नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।

नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।

नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।

नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।

श्री नेपाल बैकर्श संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।

श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार विजनेस कम्प्लेक्स, काठमाण्डौ ।

श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, ववरमहल, काठमाण्डौ ।

श्री कर्जा सूचना केन्द्र लिमिटेड, थापाथली, काठमाण्डौं ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**पत्र संख्याः** बैं.वि.नि.वि./नीति/परिपत्र/ ४ /०६३/६४ **मितिः** २०६३।५।५

श्री सबै वाणिज्य बैंक तथा नेपाल औद्योगिक विकास निगम (वित्तीय संस्था)

**बिषयः** बजेट कार्यक्रम कार्यान्वयन गर्ने वारे ।

महाशय,

नेपाल सरकार, अर्थ मन्त्रालयको प.सं. २०६२।६३ च.नं. ७३ मिति २०६३।४।३० को पत्रबाट आर्थिक वर्ष ०६३/६४ को बजेट वक्तव्यको बुँदा नं. १४२ मा व्यवस्था भएको कार्यक्रमको देहाय बमोजिमको सो बुँदा आवश्यक कार्यान्वयनको लागि निर्णयानुसार अनुरोध गर्दछु ।

बुँदा नं. १४२: "बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा लिई ऋण नतिर्ने र समस्याग्रस्त ऋणीहरुलाई ऋणको पुनर्तालिकीकरण गर्न २०६३ भदौ मसान्तसम्मको थप अवधि प्रदान गरिने छ । पुनतालिकीकरण गरिएको अवधि भित्र पनि ऋण भुक्तान नगर्ने ऋणीहरुको पासपोर्ट जफत गर्ने तथा राज्यबाट प्रदान गरिने सेवाहरुबाट बञ्चित गर्ने लगायतका कारवाहि अघि बढाई ऋण असूली कार्य थालिने छ ।"

भवदीय,

(भिष्मराज ढुङ्गाना)
निर्देशक

बोधार्थः
श्री नेपाल सरकार,
अर्थ मन्त्रालय, आ.का.वि. तथा नी.वि. महाशाखा ।
श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरीवेक्षण विभाग ।
श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरीवेक्षण विभाग ।
श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
श्री बैंकर्स एसोसिएशन, हेरिटेज प्लाजा, काठमाडौ ।
श्री वित्त कम्पनी एसोसिएशन, बागदरवार विजीनेस कम्प्लेक्स, बागबजार ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**पत्र संख्याः** बैं.वि.नि.वि./नीति/परिपत्र/ ३ /०६३/६४ **मितिः** २०६३।४।२१

सवै इजाजतपत्र प्राप्त लघु वित्त सम्वन्धी कारोवार गर्ने वित्तीय संस्था ("घ" बर्ग) ।
।

महाशय,

विगतमा रहेको व्यवस्था अनुसार लघु वित्त विकास वैंक वित्तीय संस्था ( "घ" वर्ग) लाई ४ देखि १० जिल्लासम्म कार्यसंचालनको लागि न्यूनतम चुक्ता पूंजी रु. २ करोड आवश्यक पर्ने भएकोमा आर्थिक वर्ष २०६३।६४ को लागि यस वैंकवाट जारी गरिएको मौद्रिक नीतिमा लघु वित्त सम्वन्धी कारोवारलाई पहाडी क्षेत्रमा समेत विस्तार गर्ने उद्देश्यले रु.२ करोड चुक्ता पूंजीमा संस्थापना भएका लघु वित्त सम्वन्धी कारोवार गर्ने विकास बैंक वित्तीय संस्था ("घ" वर्ग) ले नियमित १० जिल्लाका अतिरिक्त थप ५ वटा पहाडी जिल्ला समेत गरि जम्मा १५ जिल्लामा कार्यक्रम सञ्चालन गर्न सक्ने भन्ने व्यवस्था भएको हुंदा सो को जानकारीको लागी अनुरोध गर्दछु । साथै, कार्यक्षेत्र स्वीकृति सम्वन्धी विद्यमान प्रकृयागत व्यवस्था भने यथावत कायम रहेको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

भवदीय,

(रामहरि न्यौपाने )
उप-निर्देशक

बोधार्थः
नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
नेपाल राष्ट्र बैंक, लघु वित्त विभाग ।
नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।